# कालोबजार ऐन २००८

नेपाल राज्यभर सबै व्यक्तिलाई दिनदिनै चाहिने आवश्यकीय मालसामान सुविस्ता र किफायतसाथ वितरण होओस् भन्नाखातिर सरकारले कैयौ नोक्सानी सही परिश्रमको परवाह नगरी ठाउँ-ठाउँबाट मालसामान मगाई मगाउन लगाई कन्ट्रोल रेट तोकी वितरणको बन्दोबस्त गरेकोमा कुनै-कुनै व्यापारी र व्यक्तिविशेषले आफ्नो स्वार्थ साधनामा लागि सरकारको उद्देश्यबमोजिम काम नगरी बीचबीचैमा कालोबजार गरी सरकार र दुनियाँ सबैलाई धोका दिने चेष्टा गरेकाले बाध्य भई सरकारले सो कालोबजार रोक्न यो ऐन जारी गरेको छ।

१. (क) यो ऐनको नाम "कालो बजार ऐन २००८" रहेकोछ ।

(ख) यो ऐन नेपाल राज्यभर तुरुन्त लागु हुनेछ ।

२. सरकारले पर्ताखर्च मुनाफा र भाडाभरौट इत्यादि सबै कुराको विचार राखी तोकिदिएको खर्च दररेटमा तोकिदिएको ठाउँ पसलबाट नियमबमोजिम बिक्री नगरी लुकाई-छिपाई बढी दररेटमा नियम बर्खिलाफ बिक्री गरेमा कालोबजार गरेको भनिनेछ ।

३. सदरका पुलिस, गोश्वाराका हाकिम वा मोफसलमा गौंडा गढी गोश्वाराका बडाहाकिमले कालोबजार गरेको आफैंले बुझेमा वा समाचार पाएमा वा





नेपाल कानून आयोग

उजुर पर्न आएमा समेत आफै वा दर्जा पुगेका अफिसर खटाई तुरुन्त कारबाही गर्नु र कालोबजार गरेको सबुद प्रमाण पर्न आयो वा सरजमिनबाट देखियो भने खानतलासी लिने पसलमा लाहाछाप लगाई राख्ने इत्यादि मनासिब कारवाई हाकिमका तजबिजले गर्न हुन्छ ।

४. कालोबजार गरेको ठहरेमा गर्नेलाई हाकिमका तजबिजले रु. २००० सम्म दण्ड वा १५ दिनदेखि ६ महिनासम्म कैद या दुबै हुनेछ ।

५. यसमा सजाय पाएका मानिसको लाइसेन्स जफत हुनेछ र कालोबजार गरेको वस्तु सरकारबाट जफत हुनेछ र जफत भएको वस्तुको बिक्री-वितरण सरकारद्वारा प्रबन्ध गरिनेछ ।

**सदर २००९।१।२६।५ मा**

---

साभारः अधिवक्ता सुधानाथ पन्त, नेपालको कानूनी व्यवस्था र प्रजातन्त्रको विकासको दर्पण, जुरिष्ट एण्ड कम्पनी (प्रा.) लि, बागबजार, काठमाण्डौ, प्रथम संस्करण, २०६३

नेपाल कानून आयोग